# आर्थिक वर्ष २०७५/७६ को नीति, बजेट तथा कार्यक्रम

तमानखोला गाँउपालिका
बागलुङ जिल्ला
प्रदेश नं. ४
२०७५

**तमानखोला गाउपालिकाको आ.व.२०७५/०७६ नीति तथा कार्यक्रम प्रस्तुत गरिएकोछ ।**

**सम्मानित  सभाका उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्ष, कार्यपालिका सदस्य, गाउसभा सदस्य र विषयगत कार्यलयका प्रमुख एंव प्रतिनिधि ज्यूहरु, सर्वप्रथम नेपाली जनताको अभिमतबाट पहिलो पटक गठन भएको स्थानीय सरकारको दोस्रो आ.व.को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु । यो गरिमामय सभामा नेपालको लोकतन्त्र, संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्दा साहदत्त प्राप्त गर्ने प्रथम शहिद लखन थापा लगाएत सवै परिवर्तनमा ज्यान गुमाउने शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । नेपाल र नेपाली जनताको सार्वभौम सत्ता सम्पन्न गर्न र समाज परिवर्तनमा अग्रनी , नेतृत्वदायी भुमिका निभाएका शिखर पुरुष वि.पि.कोइराला, गणेशमान सिंह, पुष्पलाल श्रेष्ठ र नेपालको संविधान वनाउन र जारी गर्न सफल नेता शुशिल कोइराला प्रति आदरपूर्वक सम्मानका साथ स्मरण गर्न चाहन्छु । नेपालको राजनितिक स्वतन्त्रता, लोकतन्त्र र परिवर्तनको क्रममा विभिन्न जनआन्दोलन, सशस्त्र संघर्ष र जनयुद्धमा बलिदानी, ज्यान गुमाएकाहरु प्रति सम्मान तथा स्मरण गर्दछु । साथै वेपत्ता परिवार र पिडित नागरिक प्रति गहिरो सम्मान व्यक्त गर्न चाहन्छु ।**

## १.१ **वार्षिक नीति, बजेत तथा कार्यक्रम तर्जुमाका लागी अवलम्बन गरिएको पद्धति**

१.टोल वस्ती स्तरमा समस्या र आवश्यकताको पहिचान र योजना छनोट छलफल गरिएको छ ।

२.वडा भेलाबाट छलफल, सुझाव संकलन गरि वडा समितिले योजना प्राथमिकीकरण गरिएको छ ।

३.विषयगत समितिमा योजना पढेर छलफल गरि विषयगत योजना छनोट गरि विषयगत समितिले प्राथमिकरण गरिएको छ ।

४.गाउपालिका भित्रका  क्रियाशिल राजनितिकदल, समाजसेवी, बुद्धीजिवी, युवा, महिला, विषय विशेषज्ञबाट सुझाव संकलन गरिएको ।

५.स्रोत अनुमान तथा योजना वजेत सिमा निर्धारण समीतिबाट विषयगत आधारमा बजेत निर्धारण गरिएको  ।

६.बजेत तथा योजना तर्जूमा समितिले छलफल गरी योजना प्राथमिकिरण आधारमा प्रस्तावित वजेत पेश गरिएको ।

७.कार्यपालिकाबाट छलफल र कातछात गरि पास गरिएको ।

८.गाउसभाको छलफलबाट पारित गरिएको ।

## **१.२ बजेट निति, तथा कार्यक्रमको तर्जुमाका आधार**

१. नेपालको संविधान
२. स्थानिय सरकार सञ्चालन ऐन २०७४
३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४
४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
५. संघीय र प्रदेश सरकारले जारी गरेको नीति , कानुन तथा मापदण्डहरु
६. स्थानीय तहमा वजेत तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४
७. संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
८. स्थानीय तहको मध्यमकालिन खर्च संरचना

९. स्रोत साधन

१०.विकासका अन्तरसम्बन्धित विषयहरु

११. नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरु संघ र प्रदेश सरकारले अबलम्वन गरेका अन्य आर्थिक नितिहरु

१२.अल्पकालिन योजना छनोट

तमानखोला गाउपालिकाका जनताहरु संग प्रत्यक्ष सरोकार राख्ने कुनै योजना वा आवश्यकता, समस्याहरु थोरै रकममा पनि सम्पन्न हुनेखालका हुन्छन जुन खानेपानी मर्मत , गोरेटोबाटो मर्मत निर्माण , विद्यालयका भौतिक पूर्वाधार मर्मत सम्भार, सामाजिक तथा सामुदायिक निर्माणका कुरा हरु , झो.पू. मर्मत जस्ता योजनाहरु जुन साना तिना लगानीमा सम्पन्न गर्न सकिने र प्रत्येक्ष जनजिवन संग सरोकार राख्ने खालका योजनाहरु अल्पकालिन योजना छनोटका प्राथमिकरणका आधार हुन ।

१३. दिर्घकालिन योजना छनोट

तमानखोला गाउपालिकाको प्राकृतिक सम्भावना, आयस्रोतका आधार, विकास र सम्बृद्धी संग जोडिएका भौतिक पूर्वाधार निर्माण शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, पशुपालन, सहकारी, खेलकुद, पर्यटन, जलविद्युत, जडिवुटी, सडक, साना सिचाई, , वातावरण संरक्षण तटबनन्धन, लघुउद्यम जस्ता कुराको माध्यमबाट आर्थिक विकास गर्न सकिने । गरिवी निवारणमा प्रत्यक्ष टेवा पुग्ने । उत्पादनमुखी र प्रत्यक्ष लाभ हुने । दिगो विकास, बातावरण संरक्षण र विपद व्यवस्थापन हुने । मानव समुदायमा प्रभाव पारेको विश्व जलवायू परिवर्तन कम वा न्यूनीकरण गर्ने  र संस्कृति, संस्कार र सास्कृतिक प्रवर्द्धन संरक्षण हुने खालका विषयलाई दिर्घकालिन योजना छनोट प्राथमिकरणका प्रमुख आधार हुन ।

**खण्ड - ३ आगामी आ.व. २०७५/०७६ को निति , बजेट तथा कार्यक्रम**

३.१ **सोंच**

समुन्नत , समतामुलक, र सम्बृद्ध तमानखोला गाउपालिका ।

३.२ **लक्ष्य**

समानता, परिस्कृत , सु संस्कृत समाज र विकासोन्मुख गाउपालिका बनाउने ।

३.३ **उदेश्य**

शैक्षिक रुपान्तरण, गरिवी न्यूनिकरण, उत्पादनमुलक, रोजगार सृजना, सामाजिक न्यायमा आधारित, न्यायोचित वितरण , सम्पन्नता र आत्मनिर्भर गाउपालिका बनाउने ।

३.४ **अपेक्षित उपलब्धी**

तमानखोला गाउपालिकाको चौथो गाउसभाको प्रमुख समस्या शैक्षिक, सामाजिक , आर्थिक विकासमा तुलनात्मक रुपमा अहिलेको भन्दा शैक्षिक संस्थाहरु सुधारिएको हुनेछ, बालबालिकाको शैक्षिक क्षमता औसतमा १० प्रतिशत ले बढ्ने छ । बार्षिक आर्थिक बृद्धीदरमा औसतमा ५ प्रतिशतले बृद्धी हुनेछ । कृषि क्षेत्रमा उत्पादन र व्यवस्थापनमा बार्षिक औसतमा १० प्रतिशतले बृद्धी हुनेछ । मानव विकासको सुचकाङक, लैङ्गिक सशक्तिकरण, सामाजिक भेदभाव, न्यूनिकरण र पूर्वाधार विकासको बृद्धी हुनेछ ।

**३.५ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएको प्रमुख नीति तथा आधारहरु**

क) आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने

ख) उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

ग) जनताको जिवनस्तर, आम्दानी र रोजगार बढ्ने

घ) स्थानीय सहभागिता जुट्ने स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
ङ) स्थानीय स्रोत साधन र सिपको अधिकतम प्रयोग हुने
च) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
छ) लैङ्गिक समानता र सामाजिक समावेशिकरण अभिबृद्धि हुने
ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने
झ) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने

**३.५.१. समग्र नीति तथा आधारहरु**

१.संघिय सरकार, प्रदेश सरकार लगाएतका उपल्लो निकायबाट प्राप्त निर्देशन, मार्ग दर्शन, परिपत्रलाई कार्यन्वयन गर्दै तमानखोला गाउपालिकाका जनताहरुको प्रत्यक्ष लाभ हुने , रोजगार सृजना गर्ने, आयआर्जन बृद्धिहुने कार्यक्रम गर्ने उदेश्यका साथ **"तमानखोला विकासको आधार, शिक्षा, स्वास्थ्य र पूर्वाधार ।"** भन्ने मुल नारा सहित बजेट तथा कार्यक्रम अघी बढाइएको छ ।

## ३.५.२ क्षेत्रगत नीति तथा आधारहरुः

## (क) सामाजिक क्षेत्र

### (क) १. शैक्षिक निति तथा कार्यक्रम

**१**.तमानखोला गाउपालिका भित्रका जनताका छोरा छोरीलाई निशुल्क शिक्षा हासिल गर्ने व्यवस्था मिलाउन र भौगोलिक विकटता, छरिएर रहेको वस्ती भएको , आवश्यक दरबन्दी नभएको हुनाले अधिकांश विद्यालय सञ्चालन गर्न जनताले घरधुरी शुल्क उठाएर स्थानीय शिक्षकलाई न्यून प्रारिश्रमिकमा पढाउने समस्या भएकोले यी समस्या समाधान गर्न आवश्यक वजेटको व्यवस्था गरिने छ । साथै स्थानिय सरकारबाट विद्यालयले अनुदान प्राप्त गर्नलाई शिक्षा ऐन नियमावलीको विद्यार्थी संख्या अनुपात र विद्यालयको दरबन्दी आवश्यकता र समस्यानुसार अनुगमन तथा निरिक्षणको प्रतिवेदनको आधारमा स्थानिय करार शिक्षक राखि प्रारिश्रमिक एकरुपता गरिनेछ । कक्षा १ देखी ५ सम्मको लागी कम्तीमा शैक्षिक योग्यता १२ कक्षा पास भएको हुनुपर्ने मासिक प्रारिश्रमिक रु १२,५००। कक्षा १ देखी ८ सम्मको लागी कम्तिमा सम्बन्धीत विषयगत शैक्षिक योग्यता १२ कक्षा पास भएको हुनुपर्ने मासिक प्रारिश्रमिक रु. १५,०००। , कक्षा १ देखी १२ सम्मका लागी कम्तीमा सम्वन्धीत विषयगत शैक्षिक योग्यता वि.एड. वा सो सरह हुनुपर्ने रु.२३,५००। प्रारिश्रमिक दिइनेछ । साथै तमानखोला गाउपालिकाले स्थानिय शिक्षँकको लागी विज्ञापन गरि छनोट गर्नेछ ।

२.तमानखोला गाउपालिका भित्रका ८ वटा विद्यालयमा कम्प्युटर शिक्षाको पाठ्यक्रम भएतापनि शिक्षक व्यवस्था नभएको हुनाले दक्ष शिक्षकबाट कम्प्यूटर कक्षा सञ्चालन गर्ने गरी आठ विद्यालयका ८ शिक्षकलाई प्राश्रमिक मासिक रु १५,०००। दरले दिन वजेट व्यवस्थालाई निरन्तरता दिइने छ ।

**३**.तमानखोला गाउपालिका भित्रका छ वटै वडा भित्रका २१ वटा सामुदायिक विद्यालयहरुको व्यवस्थापन गर्न स्थानिय सरकार, शिक्षक कर्मचारी, वि.व्य.स., अविभावक र विद्यार्थीहरु विच अर्न्तक्रिया, छलफल, प्रेरणामुलक, अनुगमन, मुल्याङकन, प्रोत्साहनको माध्यमबाट विद्यालयको शैक्षिक गुणस्तर बृद्धी, शैक्षिक वातावरण निर्माण गर्न आवश्यक वजेटको व्यवस्था गरिएको छ ।

४.गरिव, जेहेन्दार विद्यार्थीहरुको पढाइमा सहयोग गर्न तथा प्रोत्साहन गर्न छात्रवृत्तिकोषलाई निरन्तरता दिइ कार्यक्रम सन्चालन गरिनेछ ।

**५**.सवै सामुदायिक विद्यालयहरुको लागी भौतिक पुर्वाधार ( आधुनिक भवन, शौचालय, खानेपानी, फर्निचर, घेराबार बालउद्यान) निर्माण गर्न आवश्यक जग्गा व्यवस्थापन गर्ने र पूर्वाधार निर्माण गर्न

अति आवश्यक र जिर्ण विद्यालयबाट सुरु गरि कम्तीमा १० वर्ष भित्र सम्पन्न गर्ने लक्ष्य सहित आवश्यक प्राविधिकको स्टेमेट DPR तयार गरी निर्माण कार्य सुरु गर्न आवश्यक वजेत व्यवस्था गरिनेछ ।

६.तमानखोला गाउपालिका भित्रका विभिन्न बस्तीहरुमा छरिएर रहेको हुनाले सामान्य स्कुल जाने भएका बालबालिकाहरु विद्यालय टाढा भएको हुनाले बालकक्षा स्थापना गरि बालबालिकालाई शिक्षा हासिल गर्ने नैसर्गिग अधिकार प्रदान गर्न वडा नं २ राकुलीबोटमा रहेको देवधारा बालविकास केन्द्रलाइ निरन्तरता दिने । वडा नं. ३ हिलेमा हिले बालविकासकेन्द्र स्थापना गर्ने । वडा नं. २ लिघा भालिबाङमा भालिबाङ,बालविकास केन्द्र स्थापना गर्ने भवन सहित ४ लाख । वडा नं. ४ सन्तरमा रहेको विशेष कक्षाको म्याद सकिएकोले सन्तर बालविकास केन्द्र संचालन गर्न र वडा नं. ३ सेर्मामा सेर्माबाल विकास केन्द्र स्थापना गर्न । वडानं. २ सिल्गुममा सिल्गुम बालविकास केन्द्र स्थापना गर्ने वडानं. २ छलुङ बालविकास केन्द्र स्थपना गर्ने १ लाखको दरले वजेट विनियोजन गरिएको छ ।

७.तमानखोला गाउपालिका भित्रका अति जिर्ण तथा जोखिम भवन भएका विद्यालयहरुमा एक कोठाको लागी मा.वि.को हकमा रु.६,५०,०००। र आ.वि.र प्रा.वि.को हकमा रु.६,००,०००। को दरले अनिवार्य ३० प्रतिशत जनश्रमदान जुट्ने विद्यालयमा भवन निर्माण गर्न वजेट व्यवस्था गरिएको छ ।

८.तमानखोला गाउपालिका भित्रका आ.वि.र मा.वी सामुदायिक विद्यालयको शैक्षिक स्तर वृद्धि गर्नको लागी विद्यालयको आन्तरिक कोषबाट अनिवार्य रुपमा कोचिङ कक्षा संचालन गराउनेछ ।

९.तमानखोला गाउपालिकाको २१ वटा विद्यालयमा निर्माण गरिएका स्थानिय शैक्षिक सामाग्री प्रदशनि कार्यक्रमको लागी वजेट विनियोजन गरिनेछ ।

१०.तमानखोला गाउपालिका भित्रका आधारभुत विद्यालय र मा.वि.मा विज्ञान प्रयोगशाला निर्माण तथा व्यवस्थापन गर्नको ३ वटा विद्यालयलाई उपलब्ध गराउन लागी  विद्यालय विकास प्रस्तावना निर्माण गरेकोलाई उपलब्ध गराउनेछ ।

११.तमानखोला गाउपालिकाको २१ सामुदायिक विद्यालय मध्ये उच्च सिकाइ उपलब्धी र न्यून सिकाइ उपलब्धी विद्यालयलाई शैक्षिक सुधार प्रोत्साहन रु २५ हजार र ५० हजार ४ वटा विद्यालयलाई उपलब्ध गराउन वजेट विनियोजन गरिनेछ ।

१२.तमानखोला गाउपालिकाको सामुदायिक विद्यालयमा कम्प्यूटर कार्यक्रम तथा पुस्तकालय व्यवस्थापन गर्न बजेट विनियोजन गरिनेछ ।

१३.तमानखोला गाउपालिकाको २१ वटा सामुदायिक विद्याललयका तहगत र विषयगत शिक्षकहरुको लागी पेशागत विकास तालिम , टिपिडि तालिम संचालन गर्न वजेट विनियोजन गरिनेछ ।

१४.विद्यालयमा कुनैपनि व्यक्तिले अक्षयकोष खडा गर्नको लागी शिक्षा नियमावली अनुसार रु १ लाख हुनु पर्ने लाई कार्यन्वयन गरिनेछ ।

१५. तमानखोला गाउपालिकाका २१ वटा सामुदायिक विद्यालयले स्थानिय सरकारबाट पाउने तलब भत्ता, अनुदान रकम, पूर्वाधार निर्माणका योजनाहरुको पेश्की वा भुक्तानी लिन लाई अनिवार्य आय/व्यय सार्वजनिक (सामाजिक लेखा परिक्षण र लेखा परिक्षण) हुनपर्नेछ यदि सामाजिक लेखा परिक्षण र लेखा परिक्षण नगरे सम्पुर्ण भुक्तानी रोक्का हुनेछ ।

१६.तमानखोला गाउपालिकाका ३ वटा मा.वि.का ९ र १० कक्षाका विद्यार्थीलाई छात्र/छात्रा आवास ( होस्टेल) निर्माण गर्न वजेट विनियोजन गरिनेछ । साथै यस तमानखोला गाउँपालीका भित्रका अनाथ, असाहाय, टुहुरा, बालबालीकाका लागी सबै सुभचिन्तक तथा सहयोगी हातहरुको सहयोग, समन्वय र सहकार्यमा घर भाडामा लिएर भएतापनी एउटा अनाथलय संचालन तथा व्यवस्थापन गर्न विशेष पहल गरिनेछ ।

१७.तमानखोला गाँउपालिकाको सामुदयिक विद्यालयका कार्यालय सहयोगी हरुकोलाई मासिक रु १५००को दरले प्रारिश्रमिक थप गर्न बजेट विनियोजित गरिएकोछ ।

**(क) २. स्वास्थ्य निति तथा कार्यक्रम**

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यवाट आधारभुत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पहुच प्राप्त हुने विषयलाइ जनताको मौलिक हकको रुपमा प्रत्याभुत गरेको छ । नागरिकलाइ स्वस्थ वनाउन तमानखोला गा.पा. ले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवं गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवामा समान पहुच स्थापीत गर्दै सवैको स्वस्थ जीवन प्रत्याभुत गरि दिगो विकास सुनिश्चित गर्नुपर्ने कानुनी दायीत्वलाइ पुरा गर्ने नीति लिइएको छ । साथै महिलाहरुको प्रजनन अधिकार थप सुदृढ गरी सेवाको पहुंच तथा उपभोगमा वृद्धि ल्याउनको लागि विभिन्न नीति तथा कार्यक्रमहरु अवलम्बन गरिने छ ।

**१.निति तथा कार्यक्रम पुरा गर्दा अपनाउने रणनितिहरु**

**"स्वास्थ्य नै धन, स्वास्थ्य नै जीवन"** भन्ने मुल नाराका साथ,

१.गुणस्तरीय स्वास्थ्य सेवामा सवैको सहज पहुच हुनेगरी प्रभावकारी सेवा उपलब्ध गराइनेछ ।

२.पोषणयुक्त खानेकुराको वारेमा चेतना बढाउदै पोषण कार्यक्रमलाइ थप प्रभावकारी गराइनेछ ।

३.नवजात शिशु मृत्युदर, मातृ मृत्युदर र वाल मृत्युदरहरुलाई घटाई औषत आयु वढाइनेछ ।

४.स्वास्थ्य पुर्वाधार, औषधि तथा उपकरणको उपलब्धतामा वृद्धि गरिनेछ ।

५.स्वास्थ्य क्षेत्रमा सरकारी, सहकारी तथा गैरसरकारी क्षेत्रको समन्वय एवं सहकार्यलाई वढाईनेछ ।

६.स्वास्थ्य सेवाका आयामहरु प्रतिकारात्मक सेवा, प्रवदर्दनात्मक सेवा, उपचारात्मक सेवा, पुनः र्स्थापनात्मक र प्रसामक सेवाहरु समेटेर स्वास्थ्यका कार्यक्रमहरु वनाइनेछ ।

७.स्थानीय स्तरमा उपलब्ध हुने जडिवुटिहरुको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीलाई थप प्रभावकारी गराइनेछ ।

८.नसर्ने रोगको प्रकोपको न्युनिकरण लागि स्वास्थ्य प्रवदर्दनात्मक सेवामा विशेष जोड दिइनेछ साथै यसको लागि निदानात्मक सेवा र उपचारात्मक सेवालाई विस्तार गरिनेछ ।

**२.बाल स्वास्थ्य सम्वन्धि नीतिहरु**

१.पुर्णखोप सुनिश्चितता वडा तथा गा.पा.को अवस्थालाई कायम गर्दै हरेक वडाहरुमा खोपको अवस्थाको हरेक वर्ष समिक्षा गरिनेछ । साथै गा.पा. खोप दिवस मनाई पुर्ण खोपको अवस्थालाई हरेक वर्ष सुनिश्चित रहेको घोषणा गरिनेछ ।

२.खोप कार्यक्रमलाई थप व्यवस्थित वनाउनको लागि खोपको सुक्ष्म योजना तर्जुमा कार्यलाई निरन्तरता दिइने छ ।

३.खोप केन्द्रहरुलाई व्यवस्थित तथा निर्माण गरिनेछ ।

४.कोल्ड चेन व्यवस्थापनको लागि चाहिने सामाग्री तथा स्थानको व्यवस्थापन गरिनेछ ।

५.गर्भवति महिलालाई हरेक पटक गर्भ जांच गर्न स्वास्थ्य संस्थामा जांदा २ प्याकेट आयोडिन युक्त नुन वितरण गरिनेछ ।

६.पोषण शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ । स्थानिय उत्पादन जस्तै : (मकै, जौ, गहु, भटमास, केराउ,) जस्ता अन्नको समिश्रण गरि बनाइएको **सर्वोत्तम पिठो कार्यक्रम** ६ महिना पुरा गरेको बच्चा र आमालाइ एक केजी उपलब्ध गराउन आवश्यक वजेट व्यवस्था गरिने छ ।

७.हरेक स्वास्थ्य संस्थामा स्वास्थ्य शिक्षा कर्नर राखिनेछ र पोषीला खानेकुराको प्रदर्शन गर्ने र स्थानीय स्तरका पोषीला खानेकुराहरुको उपभोग वृद्धि गराउन आवश्यक शिक्षा, परामर्श दिइने व्यवस्था मिलाइने छ ।

८.पांच वर्ष मुनिका वच्चाहरुको उपचार व्यवस्था कार्यक्रमलाई प्रभावकारी वनाइने छ । साथै यस कार्यक्रमलाई व्यवस्थित वनाउन रु पचास हजार र एक लाख जिवन जल तथा समोक्सीलिन रिदका लागि विनियोजन गरिएको छ ।

**३.परिवार स्वास्थ्य कार्यक्रम**

१.वर्षमा एक पटक संघ तथा प्रदेश स्वास्थ्य निकायसंग समन्वय गरी स्थायी वन्ध्याकरण शिविर संचालन गरिनेछ ।

२.नव विवाहीत दम्पतिहरुको पहिचान गरी आवश्यक साधन छनौटको लागि परामर्श प्रदान गरिनेछ ।

३.सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा ५ वटा साधन डिपो र पिल्स र कण्डम र IUCD र इम्पलान्ट हरुको सेवा प्रदान गर्न आवश्यक पहल गरिने छ ।

४.सेवाग्राही मैत्री प.नि. सेवा प्रदान गरिने छ ।

५.आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी वनाउन यातायात खर्चको वितरण प्रणालीलाई चुस्त वनाइने छ ।

६.पुर्ण गर्भवति जांच एंव पुर्ण संस्थागत सुत्केरी जस्ता अभियानलाई लागू गरिने छ । यसका लागि म.स्वा.स्व.स स्वास्थ्यकमी तथा जनप्रतिनिधीहरु परिचालन गरिने छ । यस अभियानको संयोजक उप( प्रमुखलाई वनाइने छ । साथै पूर्ण गर्भवती जाच र संस्थागत सुत्केरी प्रोत्साहन भत्ता रु १ हजार दिनको लागी वनेट विनियोजन गरिनेछ ।

७.गा.पा. स्तरमा एउटा प्रसुति कुरुवा घरको स्थापना गरी त्यस अवधिमा सुत्केरी र एक जना कुरुवाको खाना खर्चको सोधभर्ना गरिने छ । यसवाट सुत्केरी हुनु अगावै दिनुपर्ने पूर्व तथा उत्तर प्रसुति सेवालाई प्रदान गर्न तथा सेवा उपभोग वढाउन मद्दत पुग्ने छ ।

८.“इच्छाइएको गर्भ, सुरक्षित तथा स्वस्थ गर्भ” भन्ने मुल नाराका साथ हरेक गर्भलाई परिवारमा तथा समाजमा उत्सवको रुपमा स्थापित गराउन सामाजिक परिचालन गरिनेछ ।

९.आकस्मिक प्रसुति सेवालाई व्यवस्थित तथा थप जिम्वेवार बनाउन वर्थिङ सेन्टरहरुमा थप उपचार आवश्यक परेमा वा प्रेशण गर्नुपरेमा लाग्ने एम्वुलेन्स खर्च यस गा.पा. वाट सोध भर्ना गरिनेछ ।रु ( १०००० दस हजार सम्म)

१०.PMTCT कार्यक्रमलाई निरन्तरता दिइने छ ।

११.स्वास्थ्य आमा समूहलाई सुदृढीकरण गर्ने कार्यक्रमहरु राखिने छ ।

**४.रोग नियन्त्रण कार्यक्रम**

समयानुकुल आइपर्ने रोगहरुको रोकथाम गर्न तथा सामना गर्न आवश्यक तयारी गरिने छ । महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि प्रतिकारी योजना बनाइ लागू गरिने छ ।

सर्ने रोग तथा नसर्ने रोगको रोकथामको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ । नसर्ने रोगको रोकथामको लागि पेन प्याकेजलाई थप व्यवस्थित गरिनेछ । यसलाई आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्थापन गा.पा.वाट नै गरिने छ ।

महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि आर. आर. टि. लाइ तयारी अवस्थामा राखिने छ साथै उक्त कार्यलाइ औषधि, खोप तथा स्वास्थ्य सम्वन्धि सामाग्रीहरु तयारी हालतमा राखिने छ ।

क्षयरोगको नयाँ रोगी पत्ता लगाउनको लागि समय समयमा जोखिम स्थानहरु पहिचान गरी परिक्षण शिविर संचालन गरिने छ ।

डट्स विधिवाट उपचारात्मक पद्दतिलाई थप प्रभावकारी बनाउने छ । यसमा स्वास्थ्य कमीको निगरानीलाई वढाइने छ ।

जटिल प्रकारका क्षयरोगहरु (DR/SDR )लाई समयमै पहिचान तथा व्यवस्थापन को लागि पहल गरिने छ ।
क्षयरोग तथा नसर्ने रोगहरुको समयमै पहिचानको लागि ल्याव सेवाको स्थापना तथा विस्तार गरिने छ ।
गरिब तथा विपन्नता क्षयरोगका विरामिलाई पोषण भत्ता बार्षिक रु ५०००। को ब्यवस्थापन गरिने छ ।
कुष्ठरोगका विरामि तथा परिवारका लागि जनचेतनामूलक कार्यक्रम ल्याईने छ ।

**५.म.स्वा.स्वं.से. कार्यक्रम**

१.म.स्वा.स्वं.से. हरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा समुदाय स्तरमा जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिने छ ।
२.वन्चितिकरणमा परेका समुदाय तथा सेवाग्राहीहरुको पहिचान गर्ने, सेवा निरन्तता गराउने, स्वास्थ्य आमा समुहलाई थप सुढ्ढीकरण गराउन म.स्वा.स्वं.से. हरुलाई थप उत्प्रेरित गरिनेछ ।
३.सेवाग्राहीको खोजी गर्ने तथा सेवाग्राहीको निरन्तरताको लागि संचार गर्नको निम्ति विशेषत मातृ तथा वालस्वास्थ्य समन्वयका लागी मोबाईल स्वास्थ्य कार्यक्रम संचालानार्थ म.स्वा.स्वं.से. हरुलाई संचार खर्च वापत प्रति महिना रु २०० का दरले प्रदान गरिने छ ।
४.तमानखोला गाउपालिका भित्रको छ वटै वडाका टोल टोलमा गर्भवती महिला ५ वर्षमुनीका बालबालिकाहरुलाई **स्वास्थ्य तथा पोषण सचेतना छलफल कार्यक्रम** गरेबापत थप रु प्रति व्यक्ति १ हजार प्रति महिना उपलब्ध गराउने छ ।
५.६० वर्ष पुरा भएका तथा अन्य कारणले सेवा प्रदान गर्न कठिन भएका म.स्वा.स्वं.से. हरुलाई स( सम्मान विदाइ कार्यक्रम राखिने छ ।

**६.स्वास्थ्य संस्थाको फोहोर मैला व्यवस्थापन तथा गुणस्तर सुधार कार्यक्रम**

१.स्वास्थ्य संस्थावाट निस्कने फोहोरमैलाको उचित व्यवस्थापनका लागि स्वास्थ्य सेवा विभाग स्वास्थ्य मन्त्रालयको निर्देशिकाको पालना गरिने छ ।
२.स्वास्थ्य संस्थाको सरसफाइलाई विशेष जोड दिइने छ । गा.पा. अन्तर्गतका स्वास्थ्य संस्थाहरुको सरसफाइको नियमित अनुगमन गरी उत्कृष्ट सरसफाइ गर्ने संस्था तथा का.स.हरुलाई पुरस्कृत गरिने छ ।
३.हरेक स्वास्थ्य संस्थामा गुणस्तर सुधार समिति गठन गरिनेछ र गुणस्तर सुधारका कार्यक्रमहरु लागू गरिनेछ ।
४.फोहोरमैला व्यवस्थापन तथा गुणस्तर सुधारका लागि आवश्यक पर्ने उपकरण तथा सामाग्रीहरुको उपलब्धतालाई सुनिश्चित गरिनेछ ।
५.वर्थिङ सेन्टरहरुमा प्लासेन्टा पिट तथा फोहोर व्यवस्थापन गर्न खाडलहरुको निर्माण अनिवार्य गरिने छ ।
६.स्वास्थ्य संस्थाहरुको मर्मत संभार तथा खानेपानीको व्यवस्थापनको लागि यथेस्ट वजेटको व्यवस्था गरिने छ ।
७.गुणस्तरको स्वमूल्याङ्कन गरी उपभोक्ताको सुन्तुष्टीमा वृद्दि ल्याउने क्रियाकलाप संचालन गरिने छ ।

**७.स्वास्थ्य पुर्वाधार**

१.स्वास्थ्य सेवामा सर्वव्यापी पहुंच वृद्धि गर्नको लागि यस गा.पा. अन्तरर्गतका सवै वडाहरुमा १ र १ वटा स्वास्थ्य संस्था स्थापना गर्नको निम्ति कम्तिमा ४ रोपनी जग्गाको व्यवस्थापन गरिनेछ । साथै यसको भवन निर्माणको लागि प्राप्त हुने वजेटमा समपुरक वजेटको व्यवस्था समेत गरिनेछ ।

२.यसरी हरेक वडामा स्वास्थ्य संस्था स्थापना गर्दा पनि सेवाको मुलधारमा आउन नसकेका समुदायलाई आधारमूत स्वास्थ्य सेवा प्रदान गर्नको निम्ति स्थानिय स्रोतमा वडा नं. ४ मा एक सामुदायिक स्वास्थ्य इकाइको स्थापना गरिने छ । साथै हाल स्वास्थ्य संस्था भवन नहुदा सोही वडाले सामुदायिक भवन तथा अन्य भवन व्यवस्थापन गर्नुपर्ने छ ।
३.तमानखोला गाउपालिकामा सामान्य रगत, दिसा , पिसाब, को ल्याब टेस्ट ल्याब सेवा नभएकोले बोंगादोभान स्वास्थ्य चौकीमा ल्याब सेवा संचालन गर्न आवश्यक कर्मचारी व्यवस्थापन गरिने छ । भने आवश्यक औषधी, उपकरण फेयर मेड संस्था संग माग गरिनेछ ।
४.हरेक गा.पा.मा १५ शैया को अस्पताल स्थापना गर्ने राष्ट्रिय नीति अनुसार सो को स्थापनार्थ आवश्यक पर्ने १२ रोपनी वा जनसंख्याको आधारमा सो भन्दा वढी को जग्गा यसै वर्षमा व्यवस्थापन गरिनेछ ।
५).खानेपानी मुहान शुद्धीकरण तथा मुहानको संकलन केन्द्रको सुरक्षा गरी खानेपानीको गुणस्तर सुधार गरिने छ ।
६).आवश्यकता अनुसार मासिक तथा त्रैमासिक रुपमा खानेपानीको गुणस्तर सुधारकमा लागि  खा.पा. उपभोक्ता समितिलाई थप जवाफदेही वनाइने छ ।
७.तमानखोला गाउपालिकाको स्वास्थ्य संस्थाले संचालन गर्ने गरि एक एम्बुलेन्स खरिद गर्न संघिय, प्रदेश सरकार वा दातृ निकाय संग सहकार्य वा सह लगानीमा बजेट विनियोजन गरिनेछ ।
८.वडा नं. २ बोंगाखानी सामुदायिक स्वास्थ्य इकाई, वडा नं. ६ नर्जा सामुदायिक स्वास्थ्य इकाई, र वडा नं. ४ लाम्मेलामा सामुदयिक स्वास्थ्य इकाई को कार्यलय सहयोगीको लागी रु ५,०००। को दरले मासिक प्राश्रमिकको लागी वजेट विनियोजन गरिनेछ ।
९.तमानखोला गाउपालिका वडा नं. २ को सिल्गुम टोलमा गाउघर क्लिनिक संचालन गरिनेछ । वडा नं.५ को थासपुरीमा खोप केन्द्र स्थापना गरिनेछ । वडा नं.६ को पात्लेमा गाउघर क्लिनिक संचालन गरिनेछ ।
१०.तमानखोला गाउपालिकाको बोंगादोभान स्व.चौ. र तमान स्व.चौ.मा बर्थिङ सेन्टरमा कार्यरत अ.न.मी.हरुको मासिक तलब सरकारी स्केल अनुसार दिइएको लाई निरन्तरता गर्न वजेट विनियोजित गरिनेछ ।

## ८.स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली ( HMIS )

१).स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाइ प्रभावकारी वनाउन निम्न नीति तथा कार्यक्रमहरु अवलम्बन गरिने छ ।
२).स्वास्थ्य संस्थाहरुवाट गरिने मासिक प्रतिवेदन पद्दतिलाई निरन्तरता दिइने छ
३).म.स्वा.स्वं.से. हरुको मासिक समिक्षालाई प्रभावकारी वनाइने छ साथै नियमानुसार उत्प्रेरणा गरिने छ ।
४).स्वास्थ्य संस्था प्रमुखहरुको मासिक वैठक तथा समिक्षालाई निरन्तरता दिइने छ ।
५).मासिक अनलाइन तथ्याङ्क प्रवेष्टीकरण को लागि आवश्यक पर्ने इन्टरनेट सेवालाई उपलब्ध गराइने छ ।
६).स्वास्थ्य सेवाहरुको रेकर्डिङ तथा रिपोर्टिङको लागि आवश्यक पर्ने फाराम रजिष्टर छपाइका लागि यथोचित वजेट व्यवस्थापन गरिने छ ।
७).स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा सुपरीवेक्षण कार्यलाई निरन्तरता दिइने छ ।
८).स्वास्थ्य संस्थाहरुको तथा स्वास्थ्य कर्मीहरुको क्षमता अभिवृद्दि वा तालिम गर्नका लागि स्वास्थ्य संस्था मै कोचिडको लागि सम्वन्धित निकायहरुसंग समन्वय गरिने छ ।

९).रेकर्डिङ रिपोटिङ कार्यमा संम्लग्न स्वास्थ्य कर्मिलाई DHIS2 को तालिमको लागि प्रवन्ध मिलाइने छ ।

**९.सामाजिक सुरक्षा कार्यक्रम**

१).राष्ट्रिय विमा कार्यक्रमलाई प्रसार प्रसार गरी थप प्रभावकारी बनाइने छ ।

२).विमितहरुको संख्या वृद्दि गर्ने खालका समुदायस्तरमा क्रियाकलापहरु संचालन गरिनेछ । (घरदैलो कार्यक्रम, विमा दर्ता शिविरहरु)

३).गरीवीको परिचय पत्र प्राप्त गर्न नसकेका विपन्न नागरीकहरुको विमाको लागि गा.पा. को तर्फवाट विमित गर्ने व्यवस्था मिलाइने छ ।

४).विमितहरुको नियमित नवीकरणको लागि प्रोत्साहित गरिने छ ।

५).जडिवुटि प्रशोधन केन्द्रको स्थापना गरिने छ । साथै आयुर्वेद सेवालाइ थप व्यवस्थित एवं विस्तार गरिने छ ।

**१०.स्वास्थ्य शिक्षा र व्यवहार**

१).समयानुकुल प्रभाव पार्ने रोगहरुको रोकथाम तथा व्यवस्थापनको लागि  रेडियो पत्र पत्रिकाहरुमा सन्देश प्रवाहित गरिनेछ ।

२).स्थानीय स्तरमा हुने विशेष मेला तथा महोत्सवहरुमा स्वास्थ्य शिक्षा प्रवद्र्दन गर्ने क्रियाकलापलाइ संचालन गरिनेछ । साथै **"सिकाईको आधार बालमैत्री व्यवहार"** लाई कार्यान्वयन गर्न विशेष जोड दिइनेछ ।

३).स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य शिक्षा कर्नरको अनिवार्यता गरिने छ ।

४).किशोर किशोरीहरु संग स्वास्थ्यकर्मी हरुको अन्तरकृया नियमित गरिनेछ ।

५).सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्रि वनाइने छ ।

६).माध्यामिक शिक्षामा प्रजनन स्वास्थ्यका विषयहरुको कक्षा स्वास्थ्यकर्मी वाटै गरिनेछ । यसका लागि स्वास्थ्यकर्मी लाई उत्प्रेरीत गरिनेछ । खाजा खर्च व्यवस्थापन गरिने छ ।

७).समय समयमा स्वास्थ्यका विभिन्न विषयहरुमा सडक नाटक, दोहोरी गित, वक्तृत्वकला जस्ता प्रतियोगिता संचालन गरिने छ ।

८).स्वास्थ्यका महत्वपुर्ण दिवसहरु मा।स्वा।से दिवस, एड्स दिवस, विश्व स्वास्थ्य दिवस, क्षयरोग दिवस, धुम्रपान विरुद्दको दिवस लाई अवसरको रुपमा मनाइने छ ।

९).सुर्तिजन्य पदार्थको नियमन ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गरिने छ, साथै यसका लागि वजार अनुगमनलाइ नियमित र प्रभावकारी गरिने छ ।

१०).स्वास्थ्य क्षेत्र एक वहुआयामिक क्षेत्र भएको हुदा हरेक विषयगत नीतिहरुमा स्वास्थ्यका लक्ष्यहरु हासिल हुनसक्ने नीतिहरु अवलम्बन गरिने छ।

११).स्वस्थ घर, स्वस्थ गांउ जस्ता अभियानहरु संचालन गरिनेछ ।

**११.निशुल्क औषधि तथा भण्डारण कार्यक्रम**

१).औषधि, खोप तथा स्वास्थ्य सम्वन्धि सामाग्रीहरुको भण्डारणको लागि अत्याधुनिक भण्डारण कक्षको निर्माण कार्य शुरु गरिनेछ ।

२).स्वास्थ्य संस्थाहरुमा तथा वर्थिङ सेन्टरहरुको औजार उपकरणको खरीद तथा व्यवस्थापनको लागि उचित वजेट व्यवस्थापन गरिने छ ।

३.आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने निशुल्क औषधिहरुको उपलब्धतालाई सुनिश्चित गरिने छ । यसका लागि संघ, प्रदेश तथा अन्य निकायसंग समन्वय गरीनेछ । निशुल्क औषधि को लागि थप रु ८ लाख विनियोजन गरिनेछ ।

४)गा.पा. वाट स्वास्थ्य संस्थाहरुमा औषधि तथा अन्य सामाग्रीहरुको दुवानी व्यवस्था मिलाइनेछ साथै केन्द्र तथा प्रदेशवाट प्राप्त हुन आउने औषधिहरुको समेत ढुवानीको व्यवस्था मिलाइनेछ ।

**१२.राष्ट्रिय यौन तथा एच.आई.भि.एड्स नियन्त्रण कार्यक्रम**

१).प्रारम्भिक जाँचमा शंकास्पद देखिएका बिरामीहरूलाई सुनिश्चित गरिने जाँचको सेवा पाईने स्थान सम्म जानको लागी यातयात खर्चको ब्यबस्थापनको लागि पहल गरिने छ ।

२).PLHIV हरूलाई उपचार केन्द्र (ART site) सम्म जान यातयात खर्चको व्यवस्था गरिने छ ।

३).एच.आइ.भि. प्रभावित बच्चाहरूको पोषण तथा शिक्षाको लागी मासिक १ हजार रूपैया प्रदान गरिने क्रियाकलापलाई निरन्तरता दिईनेछ ।

**१३.जनसंख्या नीति**

१).विद्यमान आर्थिक, सामाजिक तथा लैङ्गिक असमानतावाट जनसंख्याको वृद्धि, संरचना, वितरण तथा वसाइसराई जस्ता जनसंख्या सम्वन्धि परिसूचकहरुको प्रभावलाई मध्येनजर गरि नीति तय गरिनेछ ।

२).प्रजनन दर र मृत्युदरको अध्ययन गरिनेछ ।

३).मातृ र शिशु मृत्युदर घटाइनेछ ।

४).जेष्ठ नागरिकको रेखदेख , उपचार र सामाजिक सुरक्षा तथा यूवा जनशक्तिको वैदेशिक पलायनको उचित व्यवस्थापन अध्यान गरी स्थानीय स्तरमै रोजगारी सिर्जना गरिनेछ ।

५).जनसंख्याको असमान वितरण, आन्तरिक र वाह्य वसाइसराईको असर मूल्याङ्कन गरिनेछ ।
लैङ्गिक असमानताको अध्यान गरिनेछ ।

६).विद्यालय स्तरमा किशोर किशोरी साथि शिक्षा तथा यौन शिक्षा कार्यक्रम लागु गरिनेछ ।

७).जनसंख्या पार्श्वचित्र ( Population Profile ) तयार गरी जनसंख्याका आधारमा योजना तर्जुमा गरिनेछ

**(ख)** आर्थिक क्षेत्र

**(ख) १.कृषि निति तथा कार्यक्रम**

**“स्वस्थ आहार स्वस्थ्य बानी, जैविक कृषीमा लगानी ” भन्ने मुख्य नाराका साथ,**

१. तमानखोला गाउपालिका भित्र वडानं. ४ मा आलु संकलन केन्द्र (कोल्ड स्टोर्स) विस्तृत परियोजना प्रतिवेदन तयार तथा निर्माण गर्न संघिय, प्रदेश सरकार तथा दातृ निकाय संगको सहलगानीमा बनाउन यसै आ.व.मा रु ९ लाख बजेट विनियोजित गरिनेछ ।

२.तमानखोला गाउपालिकाको स्थानिय उत्पादनलाई प्राथमिकता दिई उपभोग गर्ने उदेश्यले मकै, जौ, गहु, भटमास, केराउ, हरुको समिश्रण सर्वोत्तम पिठो, आटो सिमि र केराउको दाल बनाउन टोल वा वडा स्तरमा ६ वटा सामुहिक रुपमा ५० प्रतिशत अनुदानमा मेसिन (साना मिल) उपलब्ध गराउन वजेत विनियोजित गरिनेछ ।

३. कृषिबाट आत्मनिर्भर तथा कृषकलाई आर्थिक रुपमा सम्पन्न गराउन सामुहिक वा व्यक्तिगत रुपमा नगदे तरकारी खेती गर्न तालिम, विउविजन र मेसिन, औजार उपलब्ध गराउन वजेत विनियोजन गरिनेछ ।

४.तमानखोला गाउपालिकाको ६ वटै वडामा पलाष्टिक टनेल ५० गोटा ५० प्रतिशत अनुदानमा वितरण गर्न वजेट विनियोजन गरिनेछ ।

५.तमानखोला गाउपालिकाको सवै टोल वा वडाको कृषियोग्य जमिन वा कुन वाली लगाउन उपयुक्त हुने जान्नको लागी माटो परिक्षण शिविर संचालन गर्न वजेट विनियोजन गरिनेछ ।

६.तमानखोला गाउपालिकाको मौरिपालक कृषकहरुको लागी ५० प्रतिशत अनुदानमा १०० गोटा मौरीघार वितरण गर्न वजेट विनियोजन गरिनेछ ।

७.तमानखोला गाउपालिकाको सवै कृषकहरुलाई फलफुलको विरुवा (जस्तैः कागती , सुन्तला , ओखर, अलैची, नासपति, किवी, आरु, टिमुर, उखु , अमरिसो, स्याउ, हलुवावेद, ) वितरण गर्न वजेट विनियोजन गरिनेछ ।

८.खेतियोग्य जमिनमा घर निर्माणमा निरुत्साहित गरी कृषि भु उपयोगी नीति अबलम्बन गर्ने ।

९.बालीबिमा कार्यक्रम बढाउन जनचेतना मुलक कार्यक्रम र सम्बन्धित कार्यालयहरु संग सहकार्य गर्ने ।

१०.तमानखोला गाउपालिका स्तरको कृषि , जडिबुटि अनुसन्धान केन्द्र को विस्तृत परियोजना तथा निर्माण गर्न संघिय , प्रदेश सरकार तथा दातृ निकाय संग सहलगानीमा निर्माण गर्न समपुरक कोष वजेट विनियोजन गरिनेछ ।

११.तमानखोला गाउपालिका र वडा स्तरको कृषि संकलन केन्द्र स्थापना गर्न आवश्यक वजेट विनियोजन गरिनेछ ।

१२.तमानखोला गाउपालिका भित्रका टोल वा वडाका सामुहिक कृषकहरुको लागी साना सिचाई गर्न पानीको मुहान नभएको आकाशे पानीको भरमा खेती गर्ने किसानको लागी पलाष्टिक पोखरी ५ वटा निर्माण गर्न वजेट विनियोजन गरिनेछ ।

१३.तमानखोला गाउपालिका सवै वडामा कन्ये च्याउखेतीको लागी विउखरिद गरि वितरण  र तालिम गर्न वजेट विनियोजन गरिनेछ ।

१४.तमानखोला गाउपालिकामा पाइने जडिबुटिको व्यवसायीक खेती, प्रशोधन केन्द्र स्थापना गर्न आवश्यक वजेट विनियोजन गरिनेछ ।

१५ तमानखोला गाउपालिकामा अर्गानिक कृषिलाई प्रोत्साहन गर्ने र जैविक विषाधीको तालिम संचालन गर्न वजेट विनियोजन गरिनेछ ।

१६.तमानखोला गाउपालिका भित्र व्यवसायिक माछापालन गर्ने कृषकलाई व्यवसाय दर्ता गरेको फर्मलाई प्रोत्साहन अनुदान कार्यक्रम को लागी वजेट विनियोजन गरिएकोछ ।

१७.तमानखोला गाउपालिकाका एक घर एक करेसाबारी कार्यक्रम अनिवार्य लागु गरिनेछ ।

**(ख) २.पशु निति तथा कार्यक्रम**

१.तमानखोला गाउपालिका भित्रका ६ वटै वडामा वडा स्तरिय मासु र अण्डामा आत्मनिर्भर कार्यक्रमको लागी समुह गठन भइसकेकोले उनिहरुको ५० प्रतिशत अनुदानमा लोकल कुखुरा चल्ला वितरण गर्न वजेट विनियोजन गरिनेछ ।

२.लेयर्स फर्म स्थापनाको लागी ३०० वटा कुखुरा पालेको ६ जना कृषकलाई ५० हजारको दरले अनुदान दिनको लागी वजेट विनियोजन गरिनेछ । साथै लेयर्स चल्ला २००० गोटा ५० प्रतिशत अनुदानमा दिनको लागी वजेट विनियोजित गरिएको छ ।

३.मासु तथा दुधमा आत्मनिर्भर गराउनको लागी सामुहिक व्यवसाय फर्म दर्ता गराएर बाख्रा, भेडा,गाई र भैसीपालनको लागी तालिम, गोठसुधार, घास, र प्राकृतिक गर्भधारण गराउन उन्नत बोका, भेडासार र रागो वितरणका लागी ५० प्रतिशत अनुदान दिन वजेट विनियोजन गरिनेछ ।

४.तमानखोला गाउपालिका भित्रका जनतालाई स्वस्थ मासु उपलब्ध गराउनको लागी मासु पसल सुधार गर्न मासु व्यवसायलाई २० हजार को दरले अनुदान दिन वजेट विनियोजन गरिएकोछ ।

५.तमानखोला गाउपालिकाको ३ वटा ठाउमा पशु स्वास्थ्य तथा बाझोपन निवारण निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गर्न वजेट विनियोजन गरिएकोछ । साथै रोग निदान तथा उपचार सेवा र खोप तथा परजिवी नियन्त्रण (कुकुर समेत) कार्यक्रमलाई निरन्तरता दिनको लागी वजेट विनियोजन गरिनेछ ।

६.दुधमा आत्मनिर्भरको लागी एकघर एक उन्नत गाई वा भैसी पालनको लागी ५० प्रतिशत अनुदान यसै आ.व.बाट सुरु गराउन वजेट विनियोजन गरिनेछ ।

७.तमानखोला गाउपालिका भित्रका पशुपालक कृषकहरुको लागी सिप तथा क्षमता अभिबृद्धिको लागी विभिन्न निकाय संग समन्वय र सहकार्यमा तालिम संचालनको लागी वजेट विनियोजन गरिनेछ ।

८.तमानखोला गाउपालिका भित्र गाउपालिका र वडा स्तरको दुध , अण्डा र मासु संकलन केन्द्र स्थापना गर्न संघिय , प्रदेश सरकार र दातृ निकायको सहलगानीमा निर्माण गर्न समपुरक कोषको लागी वजेट विनियोजन गरिनेछ ।

९. तमानखोला गाउपालिका भित्रका घुम्टी गोठमा भेडा र बाख्रापालक कृषकहरुको लागी ट्रिपाल, सोलार प्यानल, औषधी, खोप उपलब्ध गराउन वजेट विनियोजन गरिएकोछ ।

**(ख) ३. सहकारी नीति तथा कार्यक्रम**

१.तमानखोला गाउपालिका भित्रका दर्ता भएका सहकारीहरुको क्षमता विकास गर्न तालिम तथा प्रशिक्षण कार्यक्रमको लागी आवश्यक वजेट व्यवस्था गरिनेछ ।

२. एक वडा एक सहकारी संचालन गरि जनताको आर्थिक विकास तथा क्षमता विकास गर्न आवश्यक वजेट व्यवस्था गरिने छ ।

३.एक वडा एक सहकारीको माध्यम बाट यूवा तथा महिला लाई उद्यमी तथा व्यवसायी बनाई स्थानीय उत्पादनको सुपत मुल्य पसल संचालन गर्न आबश्यक वजेत व्यवस्था गरिनेछ । साथै युवा र महिलाको सिप, क्षमता विकासको लागी तालिम तथा प्रशिक्षणको लागी आवश्यक वजेट व्यवस्था गरिनेछ ।

४.सहकारी संस्थाहरु संगको सहकार्यमा सहकारी खेती विस्तार कार्यक्रममा जोड दिने ।

५. यस क्षेत्रमा सञ्चालन भएका वित्तिय संघसंस्थालाई व्यवस्थित ढंगबाट सञ्चालन एवं वित्तिय संघसंस्था सबलिकरण कार्यक्रम सञ्चालन गरि वित्तिय संघसंस्थाहरुबाट लगानी हुने ऋण तथा अनुदान हुने रकमलाई गरिबी निवारणमा परिचालन गरिनेछ । सो संघसंस्थाहरुबाट लगानी हुने रकम वन तथा वित्तिय संस्थाहरुलाई नेपाल राष्ट्र बैंकले तोकेको प्रतिशतमा र सहकारी संघसंस्थाहरुलाई न्युनतम प्रतिशत रकम गरिबी निवारणमा लगानी गर्ने नीतिलाई यसै आर्थिक वर्षबाट अनिवार्य लागु गर्ने नीति अबलम्बन गरिनेछ ।

६. युवाहरुलाई स्वरोजगार र आत्मनिर्भर बनाउनको लागि प्राविधिक सिप र ज्ञान अभिवृद्धिको लागि लागत सहभागीमा तालिमको व्यवस्थापन गरिने छ ।

**(ख)४.घरेलु तथा लघु उद्योगतर्फ**

**“सिप सिकौं, स्वरोजगार बनौं” मुल नाराका साथ**

१.तमानखोला गाउपालिका भित्र पाइने बरुवा (लोक्ता) निकासी गरेर नेपाली हातेकागज उत्पादन गर्न आवश्यक मेसिन र औजार व्यवस्था गर्न वजेट छुट्याइएको छ ।

२.तमानखोला गाउपालिका भित्र सिस्सो पाउडर, (पुवा) अल्लोको खेती गर्न अध्ययन गर्ने, विउ उपलब्ध गराउने त्यसबाट उत्पादन हुने सामाग्री तथा वस्तु निर्माण गर्न सिप, तालिम गराउन आबश्यक वजेट व्यवस्थापन गर्ने ।

३.साना तथा मझौला व्यवसायको विकास तथा प्रवद्धन गर्न आवश्यक वजेट व्यवस्था गरिनेछ ।

४.तमानखोला गाउपालिका भित्रका यूवा तथा महिलालाइ उद्यमी तथा व्यवसायी बनाउन सिप, तालिम तथा आवश्यक सहयोग गर्न वजेट व्यवस्था गरिनेछ ।

५.तमानखोला गाउपालिका भित्र स्थानीय निङ्गालो र काठबाट बन्ने विभिन्न खालका सामाग्रीको निर्माण गर्न आवश्यक तालिम र वजार व्यवस्थापनको लागी वजेट विनियोजन गरिनेछ ।

**(ख)५.पर्यटन निति तथा कार्यक्रम**

१.गाउँपालिकाको सम्वृद्धिको आधारको रुपमा रहेको पर्यटन क्षेत्रलाई विकासको आधारशिला बनाउन आवश्यक रणनीति तयार गर्न पर्यटन संग सम्बन्धित टान र विज्ञहरुको अध्ययनबाट निस्केको प्रतिवेदन, सल्लाह र सुझाब लिई पर्यटकीय क्षेत्रहरु विविधिकरण गरी आवश्यक पर्यटकिय गुरुयोजना तयार गरिनेछ ।

२.तमानखोला गाउपालिकाले पर्यटनको विकास गर्न राष्टिय तथा अर्न्तराष्टिय पर्यटन क्षेत्र ढोरपाटन र गुरिल्ला पदमार्गलाई जोड्दै बोंगादोभान, मुठाचौरको बहराताल, अंकुटे देउराली , धान्चे देउराली, नौडल्ले पहाड, बयलीको धुरी , पुठाले खोलेको ताल, शोले डाडा, अमिलचौर, दुरलेकको धुरी , ताराखोला, घुम्टेको लेक, घोडाबाधे, गाजाको दह पदमार्ग विकास गर्ने आवश्यक पूर्वाधार निर्माण , खानेपानी, पर्यटकिय क्षेत्रको सुचना तथा जानकारी वोर्ड, बास वस्ने स्टेसन, बाटो निर्देशन सुचना

निर्माण गर्न समपूरक कोषमा बजेत व्यवस्था गरी संघिय, प्रदेश सरकार तथा दातृ निकायको सहयोग र सह लगानीमा गरिनेछ ।
३.मुठाचौरको बहरातालमा खानेपानी , सार्वजनिक शौचालय र पर्यटक आरम घर निर्माण गर्न वजेत व्यवस्था गरिएको छ ।
४. शोलेको डाडामा बनभोज स्थल निर्माण गर्न खानेपानी, शौचालय निर्माण गर्न वजेट व्यवस्था गरिनेछ ।
५.नौडल्ले पहाड पुगेर फर्के पछि नर्जा वा भित्रीवनमा (Animal Park) चिडियाघर निर्माण गर्न विस्तृत अध्ययन परियोजना तयार गर्न वजेट विनियोजित गरिनेछ ।
६.धार्मिक पर्यटन तथा देवता पुजा गर्न ढोमइथानमा बाइसधारा, मन्दिर, पौवा निर्माण गर्न बजेट विनियोजित गरिनेछ ।
७.गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरुलाई गाउँपालिका मातहतमा ल्याउने र त्यस्ता जग्गाहरु तथा पर्यटन विकासका लागि सामुदायिक वन क्षेत्रका जग्गाहरु पर्यटन प्रर्वधन गर्नको लागि उपयोग गर्न कानुनी प्रक्रिया अघि बढाइनेछ ।
८.गाउँपालिकाको संभावित र उपयुक्त पर्यटकिय क्षेत्रहरुको पहिचान सहित पर्यटन पुर्वाधार विकासमा जोड दिइनेछ ।

## (ग) पूर्वाधार क्षेत्र

**“विकासको सार, गुणस्तरिय पूर्वाधार” भन्ने मुल नाराका साथ**

१.तमानखोला गाउपालिका र वडा कार्यालय बनाउन आवश्यक जग्गा र भवन निर्माण गर्न समपुरक कोषबाट संघिय, प्रदेश सरकार वा दातृ निकायको सहयोगमा निर्माण गर्न बजेट विनियोजन गरिनेछ ।
२. सडक निर्माण सम्बन्धमा गाउँपालिकाले यसै आर्थिक वर्षभित्र गाउँसडक गुरुयोजना तयार गरिनेछ र सो को लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।
३.मर्मत सम्भार गर्नुपर्ने सडकहरुको लागि मर्मत गर्न मर्मत संभार कोष खडा गरिनेछ ।
४.गाउँपालिकाले बजेट विनियोजन गरिरहेको क्रमागत र अधुरो रहेको योजना प्राथमिकता हेरि पुरा गर्दै जाने नीति अवलम्वन गरिनेछ । बहुमुखी तथा बहु उपयोगी योजना छनौट र कार्यान्वयनलाई प्राथमिकता दिइनेछ ।
५.तमानखोला गाउपालिकाको केन्द्र बोंगादोभानमा वन कार्यलयको नाममा रहेको जग्गामा अस्थाइ रुपमा सभाहल, खानेपानी र शौचालय निर्माण गर्न वजेट विनियोजित गरिनेछ ।
६.वडा बाट सिफारिस भई आएका आयोजनाहरुका लागी प्राथमिकता अनुसार बजेट विनियोजन गर्दै जाने नीति अवलम्वन गरिनेछ ।
७.गाउँपालिकाको कुनै पनि भौतिक निर्माण तर्फ कार्य सञ्चालन गर्नु पुर्व ५० लाख भन्दा माथिको ठुला योजनाहरुको हकमा पुर्व सम्भाव्यता अध्ययनलाई अनिवार्य गरिनुका साथै विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयारी पछि मात्र कार्यान्वयनमा लगि कार्यलाई शुरुवात गरिनेछ ।
८.भौतिक निर्माण तर्फ बढि लागत सहभागिता वा जनश्रमदान जुत्ने योजनाहरुलाई प्राथमिकता दिइनेछ ।
९.६० लाख भन्दा माथिको कुनै पनि योजनाहरुको ठेक्का प्रणालीमा e-bidding अनिवार्य गरिनेछ,, भने ६० लाख भन्दा मुनिका योजनाहरुमा आवश्यकता अनुसार e-bidding वाट ठेक्का प्रणाली अवलम्वन गरिनेछ ।

